## बडीकेदार गाउँ कार्यपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन , २०७५

प्रमाणीकरण मिति : २०७५।०३।२७

बडीकेदार गाउँ कार्यपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्नको निमित्त नेपालको संविधान वमोजिम स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अधिनमा रही संविधानको अनुसूची ८ र अनुसूची ९ बमोजिम तोकिएका बिषयमा आवश्यकता अनुसार नियमहरु बनाई लागू गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ को उपधारा (१) बमोजिमको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) र (२) को अधीनमा रही संविधानको धारा २२३ वमोजिमको बडीकेदार गाउँपालिका गाउँसभाले यो ऐन बनाई लागु गरेको छ,

### परिच्छेद-१
### प्रारम्भिक

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :** (१) यो ऐनको नाम बडीकेदार गाउँपालिकाको गाउँ कार्यपालिकाको प्रशासकीय कार्यविधि (नियमितगर्ने) ऐन, २०७५ रहेको छ ।

(२) यो ऐन बडीकेदार गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा :** (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन"भन्नाले बडीकेदार गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमितगर्ने) ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले बडीकेदार गाउँपालिकाको गाउँकार्यपालिका सम्झनु पर्छ ।

(घ) "गाउँपालीका"भन्नाले बडीकेदार गाउँपालिका सम्झनुपर्छ ।

(ङ) "वडा"भन्नाले बडीकेदार गाउँपालिकाको वडा सम्झनुपर्छ ।

(च) "सभा"भन्नाले संविधानको धारा २२३ वमोजिमको गाउँसभा सम्झनु पर्छ ।

(छ) "संविधान"भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।



### परिच्छेद -२

**३. नियम बनाउने नगर कार्यपालिकाको अधिकार :** (१) संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ वमोजिम गाउँपालिकाले आफ्नो सवै काम सुचारु रुपले सम्पादन गर्न र विभिन्न बिषय क्षेत्रगत कार्य जिम्मेवारी निर्वाह गर्न बिषयक्षेत्रगत इकाईहरुले अपनाउनु पर्ने सबै प्रशासकीय विषयका कार्यविधि नियमित गर्नको निमित्त बडीकेदार गाउँपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा गाउँपालिकाले संघीय तथा प्रदेश ऐन वमोजिमका बिषयमा समेत आवश्यकता अनुसार नियम बनाई लागु गर्न सक्नेछ ।



बडीकेदार गाउँपालिका